श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. १८९**

**पुनरावेदन नं. ०७६-RB-०१३२**

**मुद्दाः– आयकर (२०७३/०७४)**

नवलपरासी जिल्ला रामग्राम स्थित अरुणा डिष्ट्रीलरी प्रा. लि. (स्थायी लेखा नं. ३०५६४५८१६) का तर्फबाट अधिकार प्राप्त संचालक सुभाषचन्द्र अग्रवाल .......१ } पुनरावेदक

**विरुद्ध**

साविक ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर रहेकोमा हाल मध्यमस्तरीय करदाता कार्यालय,काठमाण्डौ.................................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५/०४/२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७६/०२/१३

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जारा

**अवलम्वित नजीरः ×**

ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५/०४/२९ मा भएको निर्णय र सोहि निर्णय सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६/०२/१३ को निर्णय उपर राजस्व राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

**<u>तथ्य खण्ड</u>**

१. करदाता अरुणा डिष्ट्रीलरी प्रा. लि. को कर परीक्षणको सिलसिलामा आ.व. २०७३/०७४ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.५३,८५,१८५।०९ कायम गरी मिति २०७४।१०।०२ मा ठुला करदाता कार्यालय, ललितपुरमा आय विवरण पेश गरेको ।

२. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्च रकम दावी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि जम्मा रू.३,५०,०२,८२६।- कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठुला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०३।३१ मा सुचना जारी भएको ।

३. ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।३१ मा जारी भएको सूचना करदाताले मिति २०७५।०४।०४ मा बुझी लिई सो सूचनाको जवाफ मिति २०७५।०४।१७ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७३/०७४ का लागि रू.३,५०,०२,८२६।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५/०४/२९ मा खडा भएको निर्णय पर्चा ।

५. ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५/०४/३० मा जारी गरेको आ.व. २०७३/०७४ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी अरुणा डिष्ट्रिलरी प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०७/०५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आयकर ऐन, २०५८ को कानूनी व्यवस्थाको विपरीत कारोबार गर्दा कै अवस्थामा बिल बीजक नलिई आफनो सहजताको लागि पछि बीजक लिने दिने गरेको भनी निवेदकले नै स्वीकार गरेको अवस्थामा सम्बन्धित आय वर्षमा भएका खर्चहरु हुन भनी मान्न सकिने अवस्था देखिदैन। हामीलाई बीज़क उपलब्ध गराए पछि हामीले सोही बमोजिम अधिकांश भुक्तानी बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेका छौं, जुन कुराको पुष्टि निवेदक उद्योगको बैंक स्टेटमेन्ट र निज हेमकुण्ड क्यारियर्सको बैंक स्टेटमेन्ट हेरिएमा तथा हामीले भुक्तानी दिंदा स्रोतमा नै अग्रिम कर कट्टी गरी दाखिला समेत गरेको हुँदा मोलासेस ढुवानी भएको पुष्टि हुन्छ भनी जिकिर लिएतापनि विगत आर्थिक वर्ष देखिको भुक्तानी गर्नुपर्ने रकम निवेदकले पेश गरेको वासलातको अनुसूची ८ अर्न्तगतको Creditors List मा देखिएकोले उक्त जिकिर तर्क संगत नदेखिँदा निवेदकले बीजक मात्र खरिद गरेको पुष्टि हुन आउँछ। तसर्थ उक्त खर्च रू.२,९३,७१,६००। आयकर ऐन (संशोधन सहित), २०५८ को दफा १५ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी शुरु कार्यालयबाट गरेको संशोधित कर निर्धारण कानूनसम्मत देखिएकोले निवेदकको निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०२।१३ मा भएको निर्णय ।

७. कारोबार गर्दा कै अवस्थामा बिल बीजक नलिई सहजताको लागि पछि बीजक लिने दिने गरेकोमा त्यस्तो कारोवार सम्बन्धित आय वर्षमा भएका खर्चहरु हुन, करदातालाई उपलब्ध गराएको बीज़क बमोजिम बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेको छ जुन कुराको पुष्टि उद्योगको बैंक स्टेटमेन्ट र निज हेमकुण्ड क्यारियर्सको बैंक स्टेटमेन्ट हेरिएमा तथा हामीले भुक्तानी दिंदा स्रोतमा नै अग्रिम कर कट्टी गरी दाखिला समेत गरेको हुँदा मोलासेस ढुवानी भएको पुष्टि हुन्छ। विगत आर्थिक वर्ष देखिको भुक्तानी गर्नुपर्ने रकम निवेदकले पेश गरेको वासलातको अनुसूची ८ अर्न्तगतको Creditors List मा देखिएको भनी करदाताले बीजक मात्र खरिद गरेको पुष्टि हुने भएकोले आयकर ऐन, २०५८ को दफा १५ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी आयमा समावेश गर्ने गरी निर्धारण गरिएको संशोधित कर, सोको व्याज एवं शुल्क लाग्ने गरी भएको शुरु ठुला करदाता कार्यालयबाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा खारेज गरी न्याय पाउँ भन्ने वेहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७६।१०।०१ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/१० मा भएको आदेश।

९. यसमा पुनरावेदक करदाताले यस न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) बमोजिम बुझाउनु पर्ने विवादित कर रकम रु.१,९८,७२,१७७।८२ (एक करोड अन्ठानब्बे लाख बहत्तर हजार एक सय सतहत्तर रुपैया बयासी पैसा) को पचास प्रतिशतले हुने रकम वापत धरौट वा बैक जमानत राखेको नदेखिंदा प्रस्तुत मुद्दा र लगाउका मुद्दामा समेत प्रचलित कानून बमोजिम राख्नुपर्ने धरौटी यकिन गरी यो आदेश भएको मितिले १५ दिनभित्र धरौटी दाखिल गराई लगाउको मुद्दा नं. ०७६-RB-०१३३ समेत साथै पेशी चढाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०६/०४ मा भएको आदेश।

१०. आदेश वमोजिम करदाताले मिति २०७९।६।११ मा धरौटी रकम जम्मा गरेको भौचर निवेदन साथ पेश गरेको।

<u>ठहर खण्ड</u>

११. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता अरुणा डिष्ट्रीलरी प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सुरज श्रेष्ठले विभिन्न कम्पनीबाट खरिद गरेको मोलासेस ढुवानी वापत तिरेको रकम करदाताको आय आर्जनसंग सम्वन्धित खर्च भएकोले सो खर्च अमान्य गर्ने गरी शुरु कार्यालयबाट आयकर ऐन, २०५८ विपरित निर्धारण गरिएको संशोधित कर, व्याज, र शुल्क समेत लाग्ने गरी गरिएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१२. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जाराले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सोही निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो

आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१४. अब निर्णयतर्फ विचार गर्दा, करदाताले खरिद गरिएको मोलासेस विना रु.२८,५१,४०,०००।- वरावरको इ.एन.ए स्प्रिट र रेक्टिफाइड स्प्रिट विक्री गर्न सक्ने अवस्था नै हुँदैनथ्यो। त्यसैले वास्तविक रुपमा भएको ढुवानी खर्च रु.२,९३,७१,६००।- अमान्य गरी गरिएको संशोधित कर निर्धारण आदेश न्यायोचित नहुँदा शुरु आदेश र आन्तरिक राजस्व विभागवाट सोहि आदेश सदर गर्ने गरी भएको मिति २०७६।२।१३ को निर्णय समेत त्रूटीपूर्ण हुँदा बदर गरी दावी गरेको खर्च कट्टी पाउनु पर्दछ भन्ने मुख्य जिकिर लिइ पुनरावेदन पत्र दायर भएको देखियो।

१५. करदाताले पेश गरेको आ.व. २०७३।७४ को आय विवरण साथ संलग्न वित्तीय विवरणको production Expenses अन्तर्गत Load/unload Transportation Expenses भनी जम्मा रु.३,२५,८८,१४२।-खर्च दावी गरेकोमा सो मध्ये रु.२,९३,७१,६००।- हेमकुण्ड क्यारियर्सबाट मोलासेस ढुवानी गरेको भनी दावी गरेको खर्चलाइ पुष्टी गर्ने विल वीजक विश्वसनीय नभएको र उक्त खर्चलाइ वास्तविक खर्च मान्न नसकिएको भनी आयकर ऐन,२०५८ को दफा १५ वमोजिम लागत खर्च अमान्य हुने भनी शुरु ठूला करदाता कार्यालयबाट संसोधित कर निर्धारण भएको देखिन्छ। हेमकुण्ड क्यारियर्सबाट मोलासेस ढुवानी गर्दा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर क्रेडिट दावी गरी यिनै करदाताले पेश गरेको कर विवरणमा उक्त क्रेडिट दावी अमान्य गरी ठूला करदाता कार्यालयले मिति २०७९।०४।२९ मा गरेको अन्तिम कर निर्धारण आदेश उपर समेत यीनै करदाताले यस न्यायाधिकरणमा दिएको यसै लगाउमा पेश भएको ०७६-RB-०१३३ को मूल्य अभिवृद्धि कर मुद्धामा सो सम्वन्धमा विस्तृत विवेचना गरी शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश आज यसै इजलासवाट सदर भई फैसला भएको छ। त्यसैले हेमकुण्ड क्यारियर्सवाट मोलासेस ढुवानी गरेको भनी जारी वीजक वास्तविक नभई करको दायित्व कम गर्ने उद्देश्यले वीजक मात्र खरिद गरेको ठहरी फैसला भइसकेको स्थितिमा सोही ढुवानी खर्चलाई प्रस्तुत मुद्दाको रोहवाट लागत खर्चको रुपमा मान्यता दिन न्यायोचित नदेखिंदा लगाउको मूल्य अभिवृद्धि कर मुद्दामा विवेचित आधार र कारणबाट प्रस्तुत मुद्दामा लागत र खर्च कट्टी पाउनुपर्ने भनी करदाताले लिएको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१६. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता अरुणा डिष्ट्रीलरी प्रा.लि. (स्थायी लेखा न. ३०५६४५८१६) को आ.ब. २०७३/७४ को संशोधित कर

निर्धारण गरी ठुला करदाता कार्यालयबाट मिति २०७५।०४।२९ मा गरेको आदेश तथा सोही आदेश सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०२।१३ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसील खण्ड

१. फैसलाको प्रतिलिपी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।
२. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल सम्वन्धित कर कार्यालयमा र रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल फागुन १५ गते रोज २ शुभम.............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः-                    राजस्व न्यायाधिकरण काठमाण्डौको छाप